# राजविराज नगरपालीका

## नगर कार्यपालिकाको कार्यालय

## राजविराज, सप्तरी मधेश प्रदेश, नेपाल

प.स.
च.नं.

विषय : नगरपालिका अर्न्तगत खाली रहेको पसल कवल सटर कोठा भाडामा लगाउने सम्बन्धि ।

पहिलो पटक प्रकाशित मिति :२०८१।१०।१५ गते

## सूचना ।

यस राजविराज नगरपालिका अर्न्तगत खाली रहेका सटरहरु पसल कवल भाडामा लिने इच्छुक व्यवसायी, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपुर्वक सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ । यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०८१।१०।१५ गते देखी २०८१।११।१५ गते सम्म कार्यालय समय भित्र रु. १०००।०० (अक्षरेपी एक हजार)(फिर्ता नहुने) तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फारम भरी २०८१।११।१६ गते दिनको १२.०० बजे भित्र सिलबन्दी गरी यस नगरपालिकामा दर्ता गराउनु पर्ने छ । पर्न आएको सिलबन्दी बोलपत्र फारमहरु सोही दिनको २:०० बजे रितपुर्वक खोलिने छ ।

**शर्तहरु**

१. कोठा भाडा लिन चाहने व्यवसायी, फर्म, संघ संस्थाले न्युनतम प्रति महिना मासिक भाडा तपसिल बमोजिमको हुनेछ उक्त मासिक भाडा रकम भन्दा बढी रकम कबोल गर्ने व्यवसायी, फर्म, संघ संस्थाले शिलबन्दि कोटेशन स्वीकृतिकोलागी पहिलो प्राथमिक्ता रहने छ । बढी भाडा रकम कबोल गरि आएको आधारमा पसल कवल कोठा उपलब्ध गराइनेछ ।

**तपसिल**

| सटर कोठाको विवरण | भाडा दर रेट | धरौटी | कैफियत |
|---|---|---|---|
| न.पा. कम्पाउण्ड पुर्व तर्फको कोठा नं. १० | २,८०८।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पुर्व तर्फको कोठा नं. ११ | २,८०८।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पुर्व तर्फको कोठा नं. १२ | ३,९००।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पुर्व तर्फको कोठा नं. १३ | ३,९००।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पुर्व तर्फको कोठा नं. १४ | ३,९००।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पुर्व तर्फको कोठा नं. १७ | ३,११८।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पुर्व तर्फको कोठा नं. १८ | ३,११८।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पुर्व तर्फको कोठा नं. १९ | ४,२९०।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पुर्व तर्फको कोठा नं. २१ | ८,९७०।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड दक्षिण तर्फको कोठा नं. १ | ५,९५२।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड दक्षिण तर्फको कोठा नं. ५ | २,८८०।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड दक्षिण तर्फको कोठा नं. ६ | ६,२४०।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड दक्षिण तर्फको कोठा नं. ८ | ६,२४०।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड दक्षिण तर्फको कोठा नं. ९ | ६,२४०।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पश्चिम तर्फको कोठा नं. ३ | ८,००८।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पश्चिम तर्फको कोठा नं. ५ | ८,००८।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पश्चिम तर्फको कोठा नं. ६ | ८,००८।०० | १,५१,०००।०० | |
| न.पा. कम्पाउण्ड पश्चिम तर्फको कोठा नं. ८ | ८,००८।०० | १,५१,०००।०० | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| न.पा. कम्पाउण्ड पशिचम तर्फको कोठा नं. ९ | [illegible]८,००५।०० | १,५१,०००।०० | |
| लेखनाथ पुस्तकालय भवन बाहिरको कोठा नं. ४ | [illegible]६,०००।०० | १,५१,०००।०० | |
| लेखनाथ पुस्तकालय भवन भित्रको कोठा नं १२ | ५,०१६।०० | १,५१,०००।०० | |
| लेखनाथ पुस्तकालय भवन भित्रको कोठा नं १३ | ५,०१६।०० | १,५१,०००।०० | |
| लेखनाथ पुस्तकालय भवन भित्रको कोठा नं १४ | ५,०१६।०० | १,५१,०००।०० | |
| लेखनाथ पुस्तकालय भवन भित्रको कोठा नं १८ | ५,०१६।०० | १,५१,०००।०० | |
| लेखनाथ पुस्तकालय भवन भित्रको कोठा नं १९ | ५,०१६।०० | १,५१,०००।०० | |
| लेखनाथ पुस्तकालय भवन भित्रको कोठा नं २५ | ५,०१६।०० | १,५१,०००।०० | |
| लेखनाथ पुस्तकालय भवन भित्रको कोठा नं २६ | ५,०१६।०० | १,५१,०००।०० | |

२. पसल कवल कोठाहरुका लागी एक व्यापारी एक फर्म वा एक संस्थाबाट १ कोठाको लागी मात्र शिलबन्दी कोटेशन पेश गर्न पाइने छ ।

३. आफुले कबोल गरेको रकमको हुन आउने ५% रकम धरौटी वापत राजविराज नगरपालिकाको रा.बा. बैंक को धरौटी खाता हि.नं. २१८००३०३००००६ (कोड नं. ८०१०२१५०४) मा जम्मा गरी जम्मा गरेको सक्कलै भौचर शिलबन्दी कोटेशन संगै पेश गर्नु पर्ने छ । व्यवसायी, फर्म, संघ संस्था स्वीकृत भई कबोल गरे अनुसारको सम्झौता नगरेमा उक्त धरौटी रकम जफत गरिने छ ।

४. शिलबनदी कोटेशन स्वीकृत भएको फर्म, संध संस्थाको नाउँमा स्वीकृत भए पछी सम्झौता हुँदा बखत न्युनतम १,५१,०००। (अक्षरेपी रु एक लाख एकावन हजार मात्र) धरौटी जम्मा गर्नु पर्ने हुन्छ ।

५. शिलबन्दी कोटेशनका साथ निवेदकले व्यवसाय प्रमाण पत्रको प्रतिलिपी र फर्म, संघ संस्थाहरु प्रमाण पत्र र चालु आ.व.को नविकरण गरिएको प्रमाण पेश गर्नु पर्ने छ ।

६. शिलबन्दी कोटेशन स्वीकृत भएको व्यवसायी, फर्म, संध संस्थाले स्वीकृतीको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा प्राथमिक्ता क्रमअनुसार सो भन्दा कम कवोल गरेका लाई नियम अनुसार सम्झौताको प्रकृया अगाडी बढाइने छ ।

७. नेपाल सरकार नगरपालिका वा अन्य संस्थालाई बहालकर लगायतका अन्यकर दस्तुर बुझाउनु परेमा कोठा भाडावालाले नै बुझाउनु पर्ने छ ।

८. नगरपालिकालाई तिर्नुपर्ने बक्यौता भएका, पेश्की लागी फर्छ्यौट नगरेको न.पा. का आदेश निर्देशनको अवहेल्ना गरेको, न.पा. को कालो सुचिमा परेका व्यक्ति, व्यवसमयी वा संस्थाले शिलबन्दी कोटशन पेश गर्न पाउने छैन्न । गरेमा मान्य हुने छैन ।

९. प्रारम्भमा कोठाको प्रति महिना भाँडामा दुई वर्ष सम्म बृद्धि हुने छैन । प्रत्येक दुई बर्ष पछि भाँडाको दरमा १५ प्रतिशत बृद्धि भाडा दर कायम गरिनेछ । लगातार ३ महिनासम्म भांडा रकम दाखिला नगर्ने व्यवसायी संस्था फर्मको सम्झौता स्वतः रद्द हुनेछ ।

१०. मासिक भाडा बुझाउने समय महिना व्यतित भएको ७ दिन भित्र बुझाउनु पर्ने छ , सो ७ दिन भित्र नबुझाएमा सो ७ दिन पछि ७% ले जरिवाना सहित चालु महिना र वितेको महिनाको भाडा एक मुष्ट बुझाउनु पर्ने छ । सो चालु दोश्रो महिनामा समेत भाडा नबुझाएमा तेश्रो महिनाको सुरु १ गते देखी बाँकी रकम मा १०% ले जरिवाना

सहित बाँकी रकम र चालु महिनाको भाडा रकम सहित एकमुष्ट बुझाउनु पर्ने छ । सो न बुझाएमा उक्त कोठा खाली गराउन सक्ने छ ।

११. भाडामा लिएको कोठालाई नोक्सान नहुने गरी आफनो खर्च बाट श्वयम दोश्रो पक्ष भाडादारले सजाउनु पर्ने छ । सो रकम प्रथम पक्ष न.पा. ले व्यहोर्ने छैन भने मिनाहा समेत गर्ने छैन । कोठाको अगाडी खम्बा खुट्टी गारी छाउनी छार्पो समेत लगाउन पाउने छैन सो लगाएमा न.पा. ले तोड फोड गरी हटाउन सक्ने छ ।

१२. कोठा भाडामा उपभोग गर्दाको अवस्थामा जडान गरीएका विजुली धारा टेलिफोन आफनो खर्चबाट भाडादार दोश्रो पक्षले जडान गर्नु पर्ने छ र सो को महसुल समेत स्वयम दोश्रो पक्षले व्यहोर्नु पर्ने छ ।

१३. रा.वि.न.पा.का. लाई आफनो उपभोगको लागी आवश्यक परेमा दोश्रो पक्षले कोठा खाली गर्नु पर्ने छ ।

१४. आफुले भाडामा सम्झौता गरिलिएको कोठा स्वयमले पसल थापी उपभोग गर्नु पर्ने छ सो कोठा दोश्रो पक्षले अन्य कुनै व्यक्ती, व्यवसायी लाई भाडामा वा अन्य कुनै किसिम संग उपभोग गर्न दिन पाउने छैन । त्यसो गरेको ठहरे न.पा. ले सो व्यक्तीलाई उक्त कोठा बाट हटाई उक्त कोठा बाट बन्चित गरी तपाईको धरौटी रकम जफत गरी बाँकी रहेको रकम कानुनी कारवाही गरी असुल उपर गर्ने र उक्त कोठा न.पा.ले पुन बन्दोबस्त गर्र सक्ने छ ।

१५. भाँडा लिएका व्यवसायी, फर्म वा संस्थाले कोठा छोडन चाहेमा ३५ पैतिस दिन अगावै अनिवार्य सुचना नगरपालिकालाई दिनु पर्नेछ । यसरी बिचैमा कोठा छोडने भएमा अग्रीम भाडा रकम बाँकि रहन गए सो र बाँकी रहेको धरौटी रकमको न्युनतम १० प्रतिशत रकम जरिवाना स्वरुप नगरपालिकाबाट फिर्ता दिईने छैन । तर नगरपालिकासंग सम्झौता गरि कोठा लिए पछि कोठा लिएको १ बर्ष अगाडि कोठा छाडि जान पाईने छैन ।

१६. उक्त कोठा भाडामा प्रयोग गर्दा सम्बन्धित संस्था वा व्यवसायीले सम्झौतामा उल्लेख भएको प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ । आफुले भाडा लिई अर्को ब्यक्ति, व्यवसायी वा संस्थाले दिन पाईने छैन । कोठा पजनी (पगडी) गरेको पाईएमा नगरपालिकाबाट कारवाही गरि स्वत सम्झौता रद्द गरिनेछ । अन्य ब्यक्ति वा संस्थाले नगरपालिकाको स्विकृति बिना प्रयोग गर्न पाईने छैन ।

१७. उक्त पसल कबलहरुमा नगरपालिका वा राष्ट्रलाई हानि नोक्सानी हुने वा गैर कानूनी व्यपार व्यवसाय गर्न पाइने छैन ।

१८. निर्माण भएको कोठाको संरचनामा फेरबदल गर्न पाईनेछैन । संरचनालाई फेरबदल गर्नु परेमा नगरपालिकाको प्राविधिक स्विकृति लिई मात्र गर्न सक्नेछ । उक्त पसलकवलमा कुनै पनि किसिमको हानी नोक्सानी गर्न पाईने छैन त्यसो भएमा हानी नोक्सानी भएको असुल उपर गरिनेछ ।

१९. उक्त गिलेशन कोठामा व्यवसाय करको प्रमाण-पत्र अनिवार्य राख्नु पर्ने छ ।

२०. शिलबन्दी कोटेशन फारम नगरपालिकाको राजश्व शाखाबाट रु १०००।०० फिर्ता नहुने गरी दस्तुर तिरी खरिद गर्न सकिने छ ।

२१. रितपूर्वकको शिलबन्दी कोटेशन प्राप्त बोलपत्रहरु मिति २०८१।११।१६ गते अपरान्ह २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

२२. ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उत्पन्न भएमा राजविराज नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

२३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

२४. शिलबन्दी कोटेशन स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

२५. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।